अर्थ समितिको मिति २०७५।०८।०३ गतेको बैठकमा पूँजिगत खर्च , थप बजेट माग र निकासा सम्बन्धमा अर्थ मन्त्रालय , उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय , भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय , संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सहरी विकास मन्त्रालयका माननीय मन्त्री र सचिवहरु साथै महालेखापरिक्षक संग छलफल भएको र मिति २०७५।०८।०५ गते समितिका सदस्य विच छलफल भई देहाय बमोजिम निर्णय गरियो ।

१. विभिन्न मन्त्रालय अन्तर्गतका वहुवर्षीय ठेक्काका आयोजना/कार्यक्रममा अर्थमन्त्रालयबाट श्रोत सुनिश्चित भए नभएको विवरण माग गर्ने,
२. विगतमा वहुवर्षिय ठ्क्का सम्झौता भइ कार्यान्वयनको चरणमा रहेका सडक विभाग अन्तर्गतका कतिपय आयोजना/कार्यक्रमहरु हाल प्रदेश तहमा हस्तान्तरण भएकोले काम नगर्न नगराउन सडक विभागबाट परिपत्र भएको देखियो । विगतमा सङ्घीय सरकारद्वारा सञ्चालित वहुवर्षीय ठेक्का सम्झौता भइ सञ्चालित वहुवर्षिय योजनाहरु मध्ये अधुरा योजनाहरु प्रदेश सरकारमा हस्तान्तरण भएको सन्दर्भमा त्यस्ता योजनाहरु सुचारु एवम् सम्पन्न हुने गरी श्रोत सुनिश्चित गर्न र अन्य आवश्यक व्यवस्था गर्न अर्थ मन्त्रालय र अन्य सम्वद्ध मन्त्रालयहरुलाई निर्देशन दिने ।

३. Line Ministry Budget Information System (LMBIS) मा परेका कार्यक्रमहरुको समेत हाल सम्म सम्बन्धित मन्त्रालयबाट मातहत निकायमा अख्तियारी नगएको भए तुरुन्त अख्तियारी दिई बजेट कार्यान्वयन हुने व्यवस्था गर्न निर्देशन दिने ।

४. विभिन्न मन्त्रालयहरुले आर्थिक वर्षको प्रारम्भमै ठूलो रकममा गैरवजेट माग गरेको देखिएकोले औचित्य पुष्टि हुने गरी अनिवार्य आवश्यकता वा प्राथमिकताका शिर्षकमा बाहेक गैरवजेट स्वीकृत नगर्न अर्थमन्त्रालयलाई निर्देशन दिने ।

५. समितिले विगतमा माग गरेको विभिन्न मन्त्रालयहरुको पूँजिगत खर्च गर्ने कार्ययोजना यथाशिघ्र समितिमा आइपुग्ने गरी पेश गर्न पुनः निर्देशन दिने ।

६. विकास कार्यक्रम आयोजना सँग सम्बन्धित मन्त्रालयहरु सँग देहाय बमोजिमको विवरणहरु ७ दिन भित्र समितिमा आइपुग्ने गरी माग गर्ने ।

- विगतमा वहुवर्षीय ठेक्का सम्झौता भएका र सम्पन्न हुन बाँकी आयोजना/ कार्यक्रमहरु को विवरण,
- वहुवर्षीय ठेक्का सम्झौता भएकामध्ये संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने भनिएका आयोजना/कार्यक्रमहरुको विवरण र हस्तान्तरणका आधार र मापदण्ड,
- ठेक्का सम्झौता भएको मिति, सम्झौताको अवधि, ठेक्का रकम, ठेकेदार संस्था/ व्यक्ति, सम्झौता गर्ने सरकारी/

आयोजना प्रमुखहरुको नाम र पद, कार्य सम्पन्न अवस्था र बाँकि काम,

- चालु आवको बजेट प्रारम्भ भए पश्चात वहुवर्षीय ठेक्काका आयोजना कार्यक्रमको अवस्था ।
- गत वर्षको अख्तियारी , निकासा र रकमान्तरको समय र रकम सहितको विवरण , सम्बद्ध पक्षको नाम र पद साथै पूँजिगत खर्चको विवरण
- समयमा ठेक्का सम्पन्न नभएका आयोजना , कार्यकमको विवरण, सम्पन्न नहुनाका कारण, जिम्मेवार पक्ष, थप समय अवधी, variation र क्षतिपूर्ति वाफतका रकमहरु,
- विगतमा ठेकेदारको कारणले समयमा सम्पन्न हुन नसकेका आयोजना, कार्यक्रमको विवरण, सम्बन्धित पक्षलाई कारबाही गर्ने कानुनी आधार, प्रक्रिया र कानुन बमोजिम कारबाही भए नभएको विवरण ।